संसदभवन, सिंहदरबार
काठमाडौं, नेपाल ।
फोन/फ्याक्स:०१ ४२००२७७,
इमेल:parl_hearing@parliament.gov.np

# संघीयसंसद
## संसदीय सुनुवाई समिति

२०७५/११/०७ गते,मंगलबार

## ३६औं बैठकको निर्णय

१. समितिको आजको बैठकमा मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित श्री समिम मियाँ अन्सारीको सम्बन्धमा उजुरी दिने उजुरीकर्तासँग छलफल भयो ।

२. संबैधानिक परिषद्को पत्र मार्फत प्राप्त मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित श्री समिम मियाँ अन्सारीको व्यक्तिगत विवरण र उजुरीकर्ताबाट प्राप्त उजुरीका सम्बन्धमा छलफल हुँदा देहायका निकायहरुबाट निम्न बमोजिमका कागजात तथा विवरण तीन भित्र समितिमा प्राप्त हुने गरी माग गर्ने निर्णय भयो ।

| क. सं | विवरण माग गर्ने निकाय | विवरणको व्यहोरा |
|---|---|---|
| १. | संवैधानिक परिषदको सचिवालय | प्रस्तावित व्यक्तिको एस.एल.सी. र प्रविणता प्रमाण पत्र तहको शैक्षिक योग्यता र चारित्रिक प्रमाण पत्रको प्रतिलिपि । |
| २. | निर्वाचन आयोग | प्रस्तावित व्यक्ति कुनै राजनीतिक दलको केन्द्रीय कार्यसमितिमा पदाधिकारी वा सदस्य भए नभएको वा हटेको भए कहिले हटेको सो को विवरण । |
| ३. | जिल्ला प्रशासन कार्यालय, काठमाडौं | मिति २०५५।०९।२२ मा जारी भई मिति २०६६।०५।०९ मा प्रतिलिपि उपलब्ध गराईएको ना.प्र.नं ७३८४/८७१ का श्री समिम मियाँ अन्सारी, का.म.पा.९ को पारिवारिक लगत खुल्ने विवरण । |

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग र राष्ट्रिय समावेशी आयोगको अध्यक्ष पदमा प्रस्तावित क्रमश : श्री बालानन्द पौडेल र डा. शान्त राज सुवेदीलाई आज १२ बजे बस्ने बैठकमा तथा मधेसी आयोग, थारु आयोग र मुस्लिम आयोगको अध्यक्ष पदमा प्रस्तावित क्रमश: डा. विजयकुमार दत्त, श्री बिष्णुप्रसाद चौधरी र श्री समिम मियाँ अन्सारीलाई समितिको अर्को बैठकमा छलफलका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।